
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ६२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत ३ गते शनिबार ❑ 16 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## केन्द्रीकृत मानसिकताले संघीयता टिक्न सक्दैन : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले केन्द्रीकृत मानसिकताले संघीयता टिक्न नसक्ने बताउनुभएको छ।

१२ खरी मिडिया र गण्डकी प्रदेश नीति तथा योजना आयोगद्वारा शुक्रबार पोखरामा संयुक्त रुपमा आयोजित सम्पादक/वरिष्ठ पत्रकारसँगको अन्तरक्रियामा उहाँले संघीय व्यवस्था आएपनि केन्द्रीकृत मानसिकता अझै हट्न नसकेको बताउनुभयो । आफू मुख्यमन्त्री भएपछि पोखरामा सातवटै प्रदेशका मुख्यमन्त्रीको भेलाका साथै राष्ट्रिय परिषद्को भेला समेत भएको बताउँदै उहाँले उक्त क्रममा संघीयतालाई बलियो बनाउन प्रधानमन्त्रीसँग विभिन्न प्रस्ताव गरिएको बताउनुभयो। राजनीतिक नेतृत्व सत्ताका लागि मात्रै लागेको भन्ने जनताको बुझाइ रहेको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले हाम्रा गतिविधिले नै व्यवस्थाका विरुद्धमा लाग्नेका लागि मलजल पुगेको बताउनुभयो । राजनीतिक अस्थिरता हामीले नै निम्त्याएको बताउँदै उहाँले हाम्रै गतिविधिले राजनीतिलाई विकृत बनाइरहेको



उल्लेख गर्नुभयो । गण्डकी प्रदेश दोस्रो पञ्चवर्षीय योजना तयार गर्ने क्रममा लागि रहेको उहाँले जानकारी दिनुभयो । गण्डकी प्रदेशका ८५ पालिकामध्ये मनाङको नार्पाभूमि बाहेक सबैमा बाटो पुगेको बताउँदै मुख्यमन्त्री पाण्डेले पछिल्ला समयमा बाटो, पानी लगायतका सुविधाहरू पुगेपछि वस्तीहरू उजाड बन्दै गएको बताउनुभयो।

जग्गाजमिन बाँझो र स्थानान्तरण उच्च गतिमा रहेको उल्लेख गर्नुहुँदै उहाँले यसलाई रोक्नु अहिलेको चुनौती रहेको धारणा राख्नुभयो । गाउँघरमा नै आर्थिक गतिविधि बढाउन सक्नुका साथै रोजगारी सृजना गर्न सकेमा स्थानान्तरण रोक्न सकिने उहाँको भनाइ छ। गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्ण देवकोटाले प्रदेशमा दोस्रो पञ्चवर्षीय योजना तर्जुमाका कामहरू भइरहेको बताउनुभयो। "आत्मनिर्भर र समुन्नत प्रदेशः सम्मानित प्रदेशवासी" भन्ने सोचका साथ उत्पादकत्व, सामाजिक न्याय र समुन्नति हासिल गर्ने लक्ष्य राख्दै प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको मस्यौदा निर्माण गर्न लागिएको उहाँले जानकारी दिनुभयो। उत्पादन र उत्पादकत्व अभिवृद्धि तथा कृषि क्षेत्रमा रुपान्तरण गर्नु, विकासका पूर्वाधारको सुदृढीकरण, पर्यटन प्रवर्द्धन, औद्योगिक विकास र रोजगारी सिर्जना गर्नु, विकासका लाभको समन्यायिक वितरण सुनिश्चित गरी सामाजिक न्याय स्थापित गर्नु जस्ता उद्देश्य यस योजनामा राखिएको उहाँले बताउनुभयो । योजना निर्माणका लागि सम्बद्ध सबै निकाय र क्षेत्रसँग छलफल एवं अन्तरक्रिया गरिएको उहाँले जानकारी दिनुभयो । कार्यक्रममा विभिन्न वरिष्ठ सञ्चारकर्मीहरूले गण्डकी प्रदेशमा बन्दै गरेको दोस्रो पञ्चवर्षीय योजनाको मस्यौदा, प्रदेशको विद्यमान अवस्था लगायतमा जिज्ञाशा राख्नुभएको थियो। राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले बन्दै गरेको दोस्रो पञ्चवर्षीय योजनामा प्रदेशको प्राथमिकता के हुने ?, प्रदेश सरकारले जलस्रोतको उपयोगका लागि के गर्न सक्छ ?, रोजगारी बृद्धि गर्ने योजना के छन् आदि सम्बन्धमा जिज्ञासा राख्नुभएको थियो। बाह्रखरी मिडियाका राजेश केसीले पछिल्ला समयमा मानव-वन्यजन्तु द्वन्द्व बढिरहेको बताउँदै कृषकले लगाएको बालीको ४० प्रतिशत वन्यजन्तुबाट नोक्सानी हुने गरेको बताउनुभयो।

विकास न्यूजका रामकृष्ण पौडेलले शासकीय प्रणाली बलियो बनाउँदै गए पनि जनतालाई बलियो बनाउने गरी संस्थागत सुधार गर्न नसकिएको धारणा राख्नुभयो । कार्यक्रममा वरिष्ठ पत्रकार बबिता बस्नेत, आरती चटौत, पुष्प दुलाल लगायतले प्रदेशका लागि बन्दै गरेको दोस्रो पञ्चवर्षीय योजना, बढ्दो युवा पलायनको अवस्थालगायतका विषयमा विभिन्न जिज्ञासा राख्नुभएको थियो।

## वरिष्ठ कलाकार हरिवंश र गायक सपुतलाई प्रतिभा सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

कलाकार हरिवंश आचार्य र गायक प्रकाश सपुत पोखरामा सम्मानित भएका छन्। पोखराको प्रतिभा माविको प्रतिभा सम्मान कार्यक्रममा कलाकारद्वय आचार्य र सपुत सम्मानित भएका हुन्।

प्रतिभाले हास्य कलाकार तथा चरित्र अभिनेता आचार्यलाई 'विशेष प्रतिभा पुरस्कार- २०८० र सपुतलाई 'प्रतिभा वर्ष युवा पुरस्कार- २०८०' बाट सम्मान गरेको हो। उनीहरुलाई राष्ट्रिय सभाका निवर्तमान अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, प्रतिभा माविका अध्यक्ष नारायणप्रसाद पौडेल, संस्थापक प्राचार्य किरण सापकोटालगायतले नगद एक/एक लाख राशिसहित ताम्रपत्र र दोसल्ला ओढाएर सम्मान गरे।

आचार्यले हास्यव्यंग्य र अभिनयका माध्यमबाट देश र जनतालाई सुसूचित बनाउँदै नागरिकको मुहारमा हाँसो र खुसी छरेको तथा सपुतले गीत र संगीतका माध्यमबाट उत्पीडित समुदाय, जातीय विभेद, अनागरिक भएर बाँच्न बाध्य जनताका आवाज, बिदेसिएका युवाको अवस्था चित्रण गरेर दर्शक/श्रोताको मन जित्न सफल भएकाले सम्मान गरिएको संस्थापक प्राचार्य सापकोटाले बताए।

प्रतिभाले यसअघि नेपाली क्रिकेट टिमका पूर्व कप्तानद्वय




ज्ञानेन्द्र मल्ल, सन्दीप लामिछाने, भलिबलकी कप्तान अरुणा शाही, राजनीतिक विश्लेषक तथा लेखक अभि सुवेदी, एचआईभी संक्रमित सगरमाथा आरोही गोपाल श्रेष्ठलगायतलाई सम्मान गरिसकेको छ । प्रतिभा सम्मान अर्पण समारोहमा विद्यालयले १० वर्षभन्दा बढी समयदेखि सेवारत शिक्षक तथा कर्मचारीलाई दीर्घ सेवा सम्मान र वर्ष सर्वोत्कृष्ट शिक्षकलगायत विधामा पनि पुरस्कृत गरेको थियो।

सो अवसरमा सोही विद्यालयमा प्लस टु सम्म अध्ययन गरी एमबिबिएस, सिए, होटल म्यानेजमेन्टलगायतका लागि छात्रवृत्ति पाउन तथा विद्यालयमा सर्वोत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थीलाई पुरस्कृत गरिएको थियो । कार्यक्रममा विद्यार्थीले विभिन्न सांगीतिक प्रस्तुति दिएका थिए । विद्यार्थीले 'यो देश मेरो पनि होइन र ?' गीतमा उत्कृष्ट प्रस्तुति दिएपछि गायक प्रकाश सपुत स्टेजमै उक्लिए अनि केहीबेर विद्यार्थीसँगै अभिनय र गीत गाएर हौसलासमेत प्रदान गरे । कार्यक्रममा बोल्दै राष्ट्रिय सभाका निवर्तमान अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले विद्यालयले प्रतिभा सम्मान अर्पण गरेर देश र जनताका लागि केही गर्छु भन्नेलाई थप हौसला प्रदान गरेको बताए । सम्मानित वरिष्ठ कलाकार हरिवंश आचार्यले सम्मानले केही गर्छु भन्नेलाई काँध थाप्ने र अगाडि बढ्नका लागि उत्प्रेरणा जगाउनेको कमी हुँदैन भन्ने आभास दिलाएको बताए। अर्का सम्मानित व्यक्तित्व सपुतले सम्मानले आफूलाई थप नयाँ कार्य गर्नका लागि जिम्मेवारी थपेको महसुस गराएको बताए । सो अवसरमा उनले आफ्ना गीत प्रस्तुत गरी विद्यार्थी तथा अभिभावकलाई मनोरञ्जन प्रदान गरे । विद्यालयका अध्यक्ष नारायणप्रसाद पौडेलले विद्यालयले शैक्षिकसँगै अतिरिक्त क्रियाकलापमा पनि उत्तिकै ध्यान दिएको बताए। उनले कलाकार, खेलाडी र सामाजिक अभियन्तालाई प्रोत्साहन गर्न र गरेको कामको सम्मान गर्ने संस्कृतिको विकासका लागि पुरस्कार प्रदान गर्ने गरेको बताए।

## सुन तस्करीको अभियोगमा दीपेश पुन पक्राउ

**रासस**
काठमाडौं, २ चैत

सुन तस्करीको अभियोगमा पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनका छोरा दीपेश पुन पक्राउ परेका छन् । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले पुनलाई काठमाडौँबाट पक्राउ गरिएको पुष्टि गर्नुभएको छ।

गत साउनमा त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट बरामद गरिएको झण्डै ६१ किलो सुन प्रकरणका मुख्य आरोपी दावाछिरिङसँग पुनको सम्बन्ध रहेको पाइएको थियो । हिजो गृहमन्त्रीसमक्ष पेस गरिएको सुन तस्करीसम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदनमा पनि पुनको संलग्नता औंल्याएको छ।

## किडासा युकेका अध्यक्ष पोउवा संघमा

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

श्रमिक बालबालिकाको हितमा काम गर्ने किडासा युकेका अध्यक्ष निक बेरीले पोखरा उद्योग वाणिज्य संघअन्तर्गत संचालित सामाजिक विकास केन्द्रका गतिविधिबारे जानकारी लिएका छन्।

पोखरा उद्योग वाणिज्य संघअन्तर्गत संचालित सामाजिक विकास केन्द्रले निकृष्ट श्रममा रहेका बालबालिकाहरुको शिक्षा,स्वास्थ्य र र सम्मानजनक जीवनयापनको लागि काम गर्दै आएको छ।



सन् १९९८ देखि बालश्रम न्यूनिकरण कार्यक्रमको नाममा संचालित हुँदै आएको सो कार्यक्रमलाई अघिल्लो वर्षदेखि कार्यक्षेत्र विस्तार गर्दै सामाजिक विकास केन्द्रमा रुपान्तरण गरिएको पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले जानकारी दिए । संघले लामो समयदेखि किडासा युकेसहितका विभिन्न राष्ट्रिय तथा अन्तरिष्ट्रिय सरकारी एवं गैरसरकारी संस्थासँगको सहकार्यमा सयौं बालबालिकालाई शिक्षा,सीप र रोजगारीसमेत प्रदान गरेको उनले बताए।

श्रीमती एनीसहित शुक्रबार पोखरा उद्योग वाणिज्य संघ पुगेका किडासा युकेका अध्यक्ष निकले हालसम्म भइरहेका कामको समीक्षा गर्दै आउँदा दिनमा अझ प्रभावकारी रुपले श्रमिक बालबालिकाको हितमा काम गर्नुपर्ने बताए। उनले पोखरा उद्योग वाणिज्य संघको सामाजिक विकास केन्द्रले सम्पादन गरेका कामको मुक्तकण्ठले प्रशंसा गरे।

सामाजिक विकास केन्द्रका अध्यक्ष तथा पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष राजेन्द्रकुमार लालचनले सहरी क्षेत्रमा हुने निकृष्ट प्रकारको बालश्रम न्यूनीकरणको लागि गरिएका कामले आशातित सफलता हासिल भएको बताए।

पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीको धन्यवाद ज्ञापन तथा संघका महासचिव बलराम आचार्यको संचालन रहेको कार्यक्रममा संघका निवर्तमान अध्यक्ष नारायण कोइराला, उपाध्यक्ष उत्तममान बुद्धाचार्य, उपमहासचिव शोभा गौतम,सामाजिक विकास केन्द्रका वित्त तथा लेखा प्रमुख सरिता ताम्राकारसहितका कर्मचारीहरुको सहभागिता रहेको थियो।


### उपभोक्ताको जानकारी पाउने अधिकारको रक्षा गरौं

**वस्तु उत्पादक कम्पनीहरुले आफ्नो उत्पादनमाः**

- ◆उत्पादकको नाम, ठेगाना र उद्योग दर्ता नम्बर,
- ◆खाद्य पदार्थ र औषधि जस्ता वस्तुमा मिश्रण, परिमाण र तौल,
- ◆गुणस्तर निर्धारण भएको वस्तुमा गुणस्तर चिन्ह,
- ◆वस्तु उपभोग गर्ने तरिका,
- ◆वस्तुको उपभोग गर्दा हुन सक्ने प्रभाव,
- ◆वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति उल्लेख गर्नु पर्दछ।

त्यस्तो गरेको नपाइए तत्काल वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा उजुरी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# फेवा नव वर्ष महोत्सवमा २० प्रतिशतसम्म छुट

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

होटल संघ पोखरा नेपालले १९ औं फेवा नव बर्ष महोत्सवको तयारी अगाडि बढाएको छ । यही चैत २९ गतेदेखि आगामी वैशाख १ गतेसम्म लेकसाइड स्थित स्ट्रिट  नम्बर १ देखि हल्लन चोकसम्मको सडकमा यो महोत्सव आयोजना हुँदै छ ।



पोखरालाई पर्यटकीय राजधानी घोषणासँगै नेपाली नयाँ बर्षको अवसरमा संघ अन्तर्गतका सदस्य होटलले आफ्नो प्रकाशित दररेटमा २० प्रतिशत सम्म छुटको घोषणा गरिएको १९ औं फेवा नव बर्ष महोत्सवका संयोजक एवं संघका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए । यही चैत ४ गते पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने तयारी अगाडि बढाइएको छ । यही खुसीमा नयाँ बर्षमा पर्यटकलाई होटलका कोठामा छुटको घोषणा गरिएको संयोजक सुवेदीले स्पष्ट पारे ।

संघले विगत दुई दशक अघिदेखी नेपाली नयाँ वर्षको अवसरमा "पर्यटन, संस्कृति र खाना" भन्ने मूल नाराका साथ यो महोत्सव आयोजना गर्दै आइरहेको छ । अंग्रेजी नयाँ बर्ष जस्तै नेपाली नयाँ बर्षलाई पनि महोत्सवका माध्यमबाट उत्तिकै धुमधामका साथ मनाउने तयारी संघले अगाडी बढाएको हो ।

कोभिड १९ पश्चात् पूर्ववत् अवस्थामा फर्कन नसकेको होटल तथा पर्यटन क्षेत्रलाई चलायमान बनाउँदै महोत्सवका माध्यमबाट पोखरालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रचारप्रसार गरी गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धन गर्ने उदेश्य महोत्सवले लिएको छ ।

महोत्सवका माध्यमबाट गण्डकी प्रदेशको जातीय भेषभुषा, रहनसहन, खानपान, साँस्कृतिक पक्षहरुको उजागर गर्दै प्राकृतिक सम्पदाहरुको संरक्षण गर्न समेत पहल गरिने संघका महासचिव एवं महोत्सवका प्रचार संयोजक राजेन्द्र ढकालले जानकारी दिए ।

# हेमजामा मादल बजाउने तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

महिला सञ्जाल पोखरा २५ को आयोजना तथा वडा कार्यालयको आर्थिक सहयोगमा १० दिने मादल बजाउने तालिम शुक्रबार पोखरा २५ हेमजामा सम्पन्न भएको छ ।



पोखरा महानगरपालिकाका प्रवक्ता एवं वडा न. २५ का अध्यक्ष मोतीलाल तिमिल्सिनाले महिलाको छेत्रमा धेरै काम गर्न बाँकी रहेको बताउदै महिलाको सक्रियताले उत्साहित भएको उल्लेख गर्नुभयो । कार्यक्रममा पोखरा महानगरपालिका कार्यपालिका सदस्य एवं वडा न. २५ का सदस्य धन कुमारी पोखरेल तिमिल्सिना, नेकपा एमाले पोखरा २५ का अध्यक्ष ऋषिराम पौडेल, सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा पोखरा २५ का अध्यक्ष दानबहादुर भुजेल, वडा बिज्ञ सदस्य मिना कुँवर, सहभागी बबिता आचार्य पौडेल र बुद्धदेबी कुँवरले बोल्नु भएको थियो । प्रशिक्षक सम्बर बहादुर गायकले दिनुभएको तालिममा हेमजामा रहेका आमा समुहका प्रतिनिधिको सहभागीता रहेको थियो । महिला सञ्जालका अध्यक्ष अप्सरा तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष रिता त्रिपाठीले र सञ्चालन सचिव उमा भुर्तेल पौडेलले गर्नु भएको थियो ।

# स्व. त्रिभुवन पौडेललाई मरणोपरान्त पत्रकारिता सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

नेपाल पत्रकार महासंघ कास्कीले स्व. त्रिभुवन पौडेललाई मरणोपरान्त पत्रकारिता सम्मान अर्पण गर्ने भएको छ ।

गत वर्ष पोखरामा भएको विमान दुर्घटनामा ज्यान गुमाएका पत्रकार पौडेललाई प्रजातन्त्र सेनानी दयाशंकर पालिखे स्मृति पत्रकारिता सम्मान २०८० अर्पण गरिने भएको हो । मरणोपरान्त सम्मान स्व. पौडेलका श्रीमती प्रतिभा अधिकारी पौडेलसँगै परिवारका सदस्यलाई अर्पण गरिने महासंघ कास्की अध्यक्ष विमला भण्डारीले जानकारी दिइन् ।

प्रजातन्त्र सेनानी दयाशंकर पालिखे स्मृति पत्रकारिता सम्मान २०७९ पत्रकार दीपेन्द्र श्रेष्ठलाई अर्पण गरिने महासंघ कास्की सचिव माधव बरालले जानकारी दिए । छनोट समितिले सिफारिस गरेको दुबै जनाको नाम महासंघ कास्कीको शुक्रबार बसेको बैठकले अनुमोदन गरेको हो । उनीहरुलाई  नगद १ लाख १ हजार १ सय ११ रुपैयाँसहित सम्मान गरिने उनले बताए ।

यो सम्मान आइतबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को उपस्थितीमा अर्पण गरिने अध्यक्ष भण्डारीले जानकारी दिईन् । यस्तै महासंघ कास्कीको शुक्रबार कै बैठकले पोखरा पत्रकारिता सम्मानका लागि छनोट समितिले सिफारिस गरेको पत्रकार गंगाधर पराजुली र स्व. गजेन्द्र भण्डारीका परिवारको नाम अनुमोदन गरेको छ । पोखरा पत्रकारिता सम्मान २०७९ बाट पत्रकार गंगाधर पराजुली सम्मानित हुने भएका छन् । पत्रकार पराजुलीलाई नगद ५० हजार ५ सय ५५ रुपैयाँसहित सम्मान गरिने अध्यक्ष भण्डारीले जानकारी दिइन् । साही सम्मान २०८० मा संस्थागत तर्फबाट गजेन्द्र भण्डारीका परिवार अर्पण गरिने भएको छ । नेपाल पत्रकार महासंघ कास्कीमा पत्रकार पुरस्कारका लागि सबैभन्दा पहिला अक्षयकोष स्थापना गरिदिने स्व. भण्डारीको परिवार (सरस्वती/राजु भण्डारी) लाई सम्मानपत्रले सम्मान गरिने महासंघले जानकारी दिएको छ ।

पोखरा पत्रकारिता सम्मान नेपाल पत्रकार महासंघको स्थापना दिवसको अवसरमा चैत १६ गते अर्पण गरिने अध्यक्ष भण्डारीले जानकारी दिइन् ।

# पोखरा स्पोर्ट्स अवार्डलाई 'मझेरी रिसोर्ट एण्ड स्पा'ले सघाउने

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गर्ने आठौं संस्करणको पोखरा स्पोर्ट्स अवार्डमा अफिसियल रिसोर्टको रुपमा पोखरा लेकसाइडमा रहेको मझेरी रिर्सोट एण्ड स्पाले सघाउने भएको छ । शुक्रबार रिसोर्टमा मञ्चको टोलीसँग भएको भेटघाट तथा छलफल कार्यक्रम पश्चात अघिल्लो वर्षमा जस्तै यो वर्षको अवार्ड कार्यक्रममा समेत अफिसियल रिर्सोटको रुपमा मझेरी रहने निश्चित भएको हो ।




मञ्चका अध्यक्ष दीननाथ बराल, महासचिव राजाराम पौडेल, कार्यसमिति सदस्य एमबी आस्था मगर, सदस्य सागरराज तिमिल्सिना, रोहितराज पराजुलीको टोलीले रिर्सोटका अध्यक्ष अर्जुन खनाल तथा जनरल मेनेजर गुप्त गिरीसँग छलफल गरेको थियो । भेटघाट कार्यक्रममा रेवान पोखराका प्रथम उपाध्यक्ष विश्वराज पौडेल समेत सहभागी थिए ।

अवार्ड कार्यक्रमको महत्व र यसको तयारी समेतको बारेमा जानकारी गराए पश्चात रिसोर्टले अवार्ड कार्यक्रमलाई पुनः साथ दिन तयार भएको मञ्च अध्यक्ष बरालले बताए ।

अवार्ड कार्यक्रम गण्डकी प्रदेशको गौरवको कार्यक्रम रहेको कारण यसमा जोडिन पाउदा खुशी लागेको रिर्सोटका अध्यक्ष खनालले प्रतिक्रिया दिए ।

युवा व्यवसायी अर्जुन खनाल र दुर्गा पाण्डेको संयुक्त लगानीमा पोखरामा झण्डै डेढ वर्षदेखि सञ्चालनमा आएको रिर्सोटले छोटो समयमानै पाहुनाको मन जित्दै स्थापित हुन सफल भैसकेको छ । ग्राण्ड ओपनिङको तयारीमा रहेको मझेरीमा १६ करोड भन्दा बढीको लगानी रहेको अध्यक्ष खनालले बताए । शान्त वातावरणमा रहेको सुविधासम्पन्न रिसोर्टमा स्विट र सुपर डिलक्स गरेर ६० वटा रुम छन् । लेकसाइडको स्ट्रिट नम्बर १७ मा रहेको यो रिर्सोटमा कार्यक्रम गर्नको लागि सानो तथा ठुलो हलको समेत व्यवस्था रहेको छ । रिर्सोटमा स्विमिङ पुल, विभिन्न परिकार पाइने रेष्टुरेन्टको सुविधा समेत रहेको छ ।

मञ्चले आगामी बैशाख २१ गते शुक्रबार अवार्ड कार्यक्रम गर्दैछ । अवार्ड कार्यक्रमलाई भव्य बनाउन तयारीमा तीव्रता दिइएको महासचिव राजाराम पौडेलले जनाए ।

अवार्ड कार्यक्रम मार्फत वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने महासचिव पौडेलले जनाए ।

अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकारको विशेष सहयोग रहनेछ भने पोखरा महानगरपालिकाले प्रवर्द्धन गर्नेछ । राष्ट्रिय खेलकुद परिषदले समेत अवार्ड कार्यक्रममा सघाउनेछ । थप सहयोगी व्यक्ति तथा संस्था जोडिने क्रम जारी रहेको मञ्चले जनाएको छ । खेलाडी तथा खेल क्षेत्रमा क्रियाशिललाई उर्जा थप्न मञ्च गण्डकीले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्ट्स अवार्ड गर्दै आएको हो ।

# लागुऔषध पुनर्स्थापना केन्द्र स्तरीय भलिबलमा  फाईनल खेल सिएसजी र सेनेरेटरी भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिती कास्कीको आयोजनमा शुक्रबार देखि भएको अन्तर लागुऔषध पुनर्सृथापना केन्द्र स्तरिय पुरुष भलिबल प्रतियोगिताको खेलमा गेट वे फाउन्डेसनलाई हराउँदै सेनेरेटरी फाईनको यात्रा तय गरेको छ ।



हाम्रो परिवारलाई हराउँदै सि।एस।जी फाईनलमा प्रवेश गरेको छ । फाईनल खेल सि।एस।जी र सेनेरेटरी बिच हुने भएको ।


तेस्रो स्थानको लागि गेट वय फाउन्डेसन र हाम्रो परिवार बिच भिडन्त हुने भएको छ । शुक्रबारको पहिलो खेलमा सेनेरेटी हाउसले नौलो घुम्ती नेपाललाई हराएको छ । दोस्रो खेलमा मानव संरक्षणलाई हराउँदै गेट वे फाउन्डेसनले गेट वए अघिल्लो चरणमा प्रवेश गरेको छ । तेस्रो खेलमा पि एस एस जिलाई हराउँदै सिएसजी अघिल्लो चरणमा प्रवेश गरेको छ। चौथो खेलमा न्यु चिजन उपस्थित नभएको कारण नव जीवन निलो अघिल्लो चरणमा प्रवेश गरेको हो । पाँचौ खेलमा नव जीवन रातोलाई हराउदै गेट वे फाउन्डेसन अघिल्लो चरणमा प्रवेश गरेको छ । छौटौं खेलमा रिचवनलाई हराउदै सेनेरेटी हाउस अघिल्लो चरणमा प्रवेश गरेको छ । सातौं खेलमा हाम्रो परिवार नेपालले नव जिवनलाइ हराउदै अघिल्लो चरणमा प्रवेश गरेको छ। जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख एसपी मोहन कुमर थापा अलग किसिमको प्रतियोगिता भएको बताए । कास्की १५ प्रतिशतले प्रयोगकता बढेको प्रहरी तथ्यांक रहेको बताए ।

लागुऔषध पुर्व प्रयोगकर्तालाई मनोबल अभिवृदी र आशा जगाउन प्रतियोगिताले सहयोग गर्ने बताए । सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिती कास्की अध्यक्ष भिम पराजुलीको अध्यक्षतमा कार्याक्रम भएको थियो । पहिलो हुनेले २० हजार, दोस्रो हुनेले १० हजार र तेस्रो हुनेले ५ हजार पुरस्कार स्वरुप पाउने छन् । प्रतियोगितामा ११ टिम सहाभागी रहेका छन् । प्रतियोगिता शनिबार सम्मपन्न हुने छ ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल,  सम्पादक: रतन गुरुङ,  कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल,  प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# टेम्पल ट्री १४ औं वर्षमा

पोखरापत्र संवाददाता
पोखरा, २ चैत

पोखराको लेकसाइडस्थित टेम्पल ट्री रिसोर्ट एण्ड स्पाले स्थापनाको १३ वर्ष पुरा भई १४ वर्षमा प्रवेश गरेको छ । सो अवसरमा रिसोर्टले एक कार्यक्रमको आयोजना गरि यो दिवसलाई मनाएको छ । सोहि समारोहमा रिसोर्टमा लामो समयदेखि कार्यरत कर्मचारीहरुलाई मेडल सहित दिर्घ सेवा सम्मान प्रदान गरियो। सम्मानित सुमित्रा परियार र कृष्णबहादुर थापाले १० वर्ष तथा रजनी गुरुङ, कुसल गुरुङ, अमर रावल र मुक्ति पाध्याले विगत ५ वर्षदेखि रिसोर्टमा काम गर्दै आउनुभएको छ । कार्यक्रममा रिसोर्टमा कार्यरत कर्मचारी कलाकार हरुले मनोरञ्जनात्मक कार्यक्रम प्रस्तुत गरेका थिए । उनीहरुलाई प्रमाणपत्र तथा मायाको चिनोले सम्मानित गरियो।

रिसोर्टका प्रवन्ध निर्देशक चन्दनकृष्ण श्रेष्ठ, निर्देशक प्रेम श्रेष्ठ, रञ्जनकृष्ण श्रेष्ठ, जिन्ना जिन्टीलि लगायतले शुभकामना मन्तव्य व्यक्त गर्दै उनीहरुलाई सम्मान गर्नुभएको हो । रिसोर्टमा १ सय ३ जना कर्मचारी कार्यरत छन् ।

रिसोर्टका अध्यक्ष बसन्त गौतमले रिसोर्टले आफ्ना पाहुनाहरुलाई प्रदान गरेको सेवा, कर्मचारीहरुको मेहनत, सञ्चालकहरुको लगाव, धैर्यता तथा रिसोर्टका आफ्नैं विशेषताका कारण पनि टेम्पल ट्री रिसोर्ट स्थापना कालदेखि आजसम्म पनि सफल रिसोर्टका रुपमा पहिचान बनाउन सफल भएको बताउनुभयो । रिसोर्टका मानव संसाधन विभाग प्रमुख रामकृष्ण कँडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । रिसोर्टले वार्षिकोत्सवकै अवसरमा पोखराको छोरेपाटनस्थित मानव सेवा आश्रममा आर्थिक तथा खाद्यान्न सहयोग गरेको थियो।

फेवाताल नजिकैको बुटिक रिसोर्टमा डिलक्स, सुपर डिलक्स, जुनियर स्विट र एक्जुकेटिभ स्विट विशेषताका ६८ वटा कोठाहरु रहेका छन् । रिसोर्टमा स्विमिङ पुल, ज्याकोजी, जिम, फिटनेस सेण्टर लगायतका सुविधाहरु छन् । परम्परागत गाउँले शैली झल्कने रिसोर्टका प्रत्यक कोठामा छुट्टाछुट्टै बल्कोनी रहेका छन् । बजारको विच भागमा रहेर पनि रिसोर्ट भित्रको शान्त वातावरण, सुन्दर बगैचा पाहुनाहरुको रोजाइमा पर्ने गरेको छ।

# 'लाइसेन्स'को लिखित तथा प्रयोगात्मक परीक्षा स्थगन

पोखरापत्र संवाददाता
दमौली, २ चैत

यातायात व्यवस्था कार्यालय तनहुँले चालक अनुमति पत्र (लाइसेन्स) को लिखित तथा प्रयोगात्मक परीक्षा बन्द गरेको छ। बन्दीपुर गाउँपालिका-४ विमलनगरमा रहेको कार्यालयले यही बिहीबारदेखि ती परीक्षा स्थगित गरेको हो।

विशेष कारणवश दुई पाङ्ग्रे, चार पाङ्ग्रे, अटोरिक्सा र ट्र्याक्टरको सवारी चालक अनुमतिपत्रका लिखित तथा प्रयोगात्मक परीक्षासम्बन्धी सम्पूर्ण कार्य स्थगित गरिएको कार्यालय प्रमुख टीकाबहादुर गोदारले जानकारी दिनुभयो । सार्वजनिक जग्गा मिचेर 'ट्रायल सेन्टर' बनाएको जनाउँदै अख्तियार दुरुपयोग अनुन्धान आयोगमा उजुरी परेको जनाइएको छ । आयोगले यस विषयमा छानबिन गरेकाले तत्कालका लागि प्रयोगात्मक परीक्षा स्थगित गर्न कार्यालयलाई निर्देशन दिएको थियो। यातायात कार्यालय पनि भाडाको घरमा सञ्चालन हुँदै आएको छ।

कार्यालयका सूचना अधिकारी विष्णुबहादुर क्षेत्रीले आयोगले जिल्ला प्रशासन कार्यालय तनहुँमार्फत कार्यालयलाई परिपत्र गरेको जानकारी दिनुभयो।

विसं २०७८ फागुन २७ गते स्थापना भएको यातायात कार्यालयमा दरबन्दीअनुसार कर्मचारी नहुँदा सेवा प्रवाहमा समेत समस्या हुँदै आएको छ। दरबन्दीअनुसारका कर्मचारीको अभाव, करारका कर्मचारीको भरमा कार्यालय सञ्चालन गर्नुपर्दा समस्या हुने गरेको जनाइएको छ । पन्ध्र स्थायी र दुई अस्थायी गरी १७ जनाको दरबन्दी रहेकामा कार्यालयमा पाँच स्थायी र छ करार गरी १३ कर्मचारी कार्यरत छन् । कार्यालयले विसं २०७९ कात्तिकबाट सवारी चालक अनुमतिपत्रको ट्रायल जिल्लाबाटै सुरु गरेको थियो । त्यसअघि ट्रायलका लागि पोखरा जानुपर्थ्यो। कार्यालयले सोही वर्षको साउन १५ गतेदेखि सवारी चालक अनुमतिपत्र (लाइसेन्स) नवीकरण सुरु गरेको थियो। कार्यालयमा सवारी साधन दर्तासमेत हुन्छ। यसले गर्दा तनहुँ मात्र नभई गोरखा, लमजुङका सर्वसाधारणलाई पनि सहज भइरहेको छ।

विसं २०७१ देखि यातायात व्यवस्था सेवा कार्यालयको रुपमा काम गर्दै आइरहेको कार्यालय विसं २०७८ फागुन २७ गते यातायात व्यवस्था कार्यालयको रुपमा स्थापना भएको हो । सेवा कार्यालयको रुपमा रहँदा सवारी साधन कर सङ्कलन, रुट परमिट, जाँचपाससम्बन्धी काम गर्दै आएको कार्यालयले हाल सवारी चालक अनुमतिपत्र वितरण, नवीकरण र सवारी साधन दर्ता, नामसारी सेवा दिँदै आएको छ।

# पर्यटकीयस्थल गलेश्वरमा फुटपाथसहितको सडक निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, २ चैत

म्याग्दीको बेनी नगरपालिका-९ मा रहेको धार्मिक पर्यटकीयस्थल गलेश्वरमा फुटपाथसहितको सडक निर्माण भएको छ।

गण्डकी प्रदेश सरकार र उपभोक्ताको लागत साझेदारीमा फुटपाथ (पदमार्ग) सहितको अपाङ्गमैत्री पक्की सडक निर्माण भएको हो । सडक र पैदलमार्ग निर्माण भएपछि स्थानीयवासीका साथै गलेश्वरमा आउने भक्तजनलाई कालीगण्डकी नदीमा पुगेर स्नान गर्न सहज भएको छ।

गलेश्वर मन्दिरदेखि कालीगण्डकी नदी जाने बाटो निर्माण समितिका अध्यक्ष बमबहादुर पुनले पाँच मिटर चौडाइ भएको १२५ मिटर लामो सडक ढलान गरेको जानकारी दिनुभयो । "सडकको डिलतर्फ रेलिङ र स्लेट ढुङ्गा बिछ्याएर पैदलमार्ग बनाइएको छ", उहाँले भन्नुभयो, "साँघुरो र उकालो ग्रेड नमिलेको सडकलाई भित्ता काट्ने, पर्खाल बनाएर फराकिलो र ग्रेड मिलाइएको छ।" सडक बनेपछि गलेश्वरको खेलमैदान र सभाहलसम्म सवारी साधन लैजान सकिने भएको छ।

गलेश्वर मन्दिरदेखि राममन्दिर जोड्ने झोलुङ्गे पुल नजिकै सडक पुगेको हो । झोलुङ्गे पुलदेखि कालीगण्डकी नदीको किनारसम्म पुग्ने करिब ७० मिटर ढलान गरेको पैदलमार्ग गलेश्वर ज्येष्ठ नागरिक आश्रममा बस्ने हिदीका बमबहादुर शेरपुञ्जाले व्यक्तिगत लगानीमा बनाउनुभएको छ।

रु ४२ लाख ६७ हजार २३९ को लागतमा सडक र पदमार्ग निर्माण भएको उपभोक्ता समितिका समितिका सचिव रामबहादुर बानियाँले बताउनुभयो । "सो योजनाका लागि भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयबाट रु ४० लाख बजेट विनियोजन भएको थियो", उहाँले भन्नुभयो, "उपभोक्ताको तर्फबाट रु चार लाख २७ हजार २३९ बराबरको लागत साझेदारी भएको छ।" विस २०८१ जेठ २५ गतेभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित गत पुष २५ गते सम्झौता भएको थियो । उपभोक्ता समितिको सक्रीयताका कारण लक्ष्यभन्दा तीन महिनाअघिनै योजना निर्माण सकिएको पूर्वाधार विकास कार्यालय, म्याग्दीका प्रमुख विष्णु पौडेलले बताउनुभयो।

कालीगण्डकी नदीको किनारमा नौ रोपनी क्षेत्रफलमा फैलिएको एउटै चट्टानमाथि अवस्थित गलेश्वर मन्दिर मुक्तिनाथ प्रवेशद्वारको रुपमा परिचित छ।

साउन महिनाको सोमबार, बालाचर्तुदर्शी र शिवरात्रि पर्वमा बिशेष मेला लाग्ने गलेश्वरमा दैनिक पूजा र दर्शन गर्न सकिन्छ। गलेश्वरमा पूजाआजा र दर्शन गर्नाले मनोकांक्षा पूरा हुने जनविश्वास रहेको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : शुभ यात्रा | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# अन्नपूर्ण पदमार्गको एकीकृत गुरुयोजना बनाउन सुरु

पोखरापत्र संवाददाता
बेनी, २ चैत

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा अवस्थित अन्नपूर्ण प्रथम हिमालको आधार शिविर जाने पदमार्गमा पर्यटन विकासमा लागि एकीकृत गुरुयोजना तयार गरिने भएको छ।

अन्नपूर्ण प्रथम आधार शिविर र पदमार्ग क्षेत्रमा व्यवस्थित पूर्वाधार निर्माणका लागि एकीकृत गुरुयोजना बनाउन लागिएको हो । सर्वेक्षक, स्टक्ट्रचरल इन्जिनियर, पर्यटनकर्मी, भूगर्भविद्, वातावरणविद्, जनप्रतिनिधि र कर्मचारीसमेतको टोलीले स्थलगत अवलोकन, निरीक्षण गरेर गुरुयोजनाको प्रारम्भिक काम सुरु गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले जानकारी दिनुभयो। उहाँको नेतृत्वमा गएको टोलीले तीन दिन लगाएर गुरुयोजनाको लागि स्थलगत अध्ययन सकेर प्रतिवेदन तयार गर्ने तयारीमा रहेको गाउँपालिकाले जनाएको छ। एकीकृत गुरुयोजनामा आधार शिविरमा रहेको पञ्चकुण्ड ताल परिसर र भुसकेटमेलामा लज निर्माण गर्ने योजना समेटिएको छ। चालु आर्थिक वर्षमा गाउँपालिकाले विनियोजन गरेको रु ५० लाख बजेटबाट लजको पूर्वाधार बनाउन सुरु गरिने भएको छ। गाउँपालिकाले अन्नपूर्ण प्रथम आधार शिविर क्षेत्रको पर्यटन पूर्वाधार निर्माणलाई व्यवस्थित र योजनाबद्ध गर्नका लागि एकीकृत गुरुयोजना बनाएर अघि बढ्न लागेको गाउँपालिका अध्यक्ष भारतकुमार पुनले जानकारी दिनुभयो। "गुरुयोजनामा समेटिएकापूर्वाधारलाईगाउँपालिका, प्रदेश र सङ्घीय सरकार तथा पर्यटन बोर्डलगायतका निकायसँग साझेदारी र सहकार्य गरेर निर्माण गर्ने योजना बनाएका छौं, यस वर्ष होटल निर्माण भएपछि आधार शिविरमा खाना बस्नको सुविधा पुग्छ", उहाँले भन्नुभयो । गुरुयोजनामा ताल परिसरमा रहेको मन्दिरको व्यवस्थापन गर्ने, अन्नपूर्ण हिमालको पहिलो आरोही मौरीस हर्जोगको सालिक स्थापना गर्ने, शौचालय र खानेपानीको सुविधा पुऱ्याउने, आरोहीको सुविधाका लागि गोदाम घर बनाउने योजनासमेत अध्ययन गरिएको छ।

त्यसैगरी पदमार्गअन्तर्गत सुनखोलामा आश्रयस्थल थप गर्ने, गुफाफाँट र साँधिखर्कमा रहेको आश्रयस्थलको क्षमता विस्तार गरी खानेपानी, शौचालयलगायतका पूर्वाधार थप गर्ने, सबै आश्रयस्थलमा सोलार सुविधा पुऱ्याउने योजना बनाइएको छ। गुरुयोजनामा पदमार्गको आकर्षणको रुपमा रहेको फुतफुते झरनालाई व्यवस्थित गर्ने, झरनाको पानी बगेर जाने खोलामा आर्क प्रविधिको पुल बनाउने, झरना परिसरमा रक गार्डेन बनाउने र कफी सप सञ्चालनको लागि पूर्वाधार बनाउने योजनालाई समावेश गरिएको प्रमुख प्रशासकीय अधिकृत सुवेदीले जानकारी दिनुभयो। गुरुयोजनामा नारच्याङमा पर्यटन सूचना केन्द्र बनाउने, प्रवेशद्वारलाई पर्यटक प्रवेशद्वारको रुपमा व्यवस्थित गर्ने योजनालाई समेत समावेश गरिएको छ भने हुमखोला, साँधिखर्क र भुस्केटमेलाको झोलुङ्गे पुललाई व्यवस्थित गर्ने, सुनखोला र नजिकैको खहरेमा समेत पूर्वाधार निर्माण गर्ने, आकासे गुफाको पहिरो रोकथाम र नियन्त्रण गर्ने योजनालाई समेत समावेश गरिएको छ।

गाउँपालिकालाई पर्यटन बोर्डले समेत रु तीन करोड बराबरको पर्यटन पूर्वाधारका योजना माग गरेकाले यसै पदमार्गका पर्यटन पूर्वाधारका योजनालाई नै सिफारिस गर्ने गाउँपालिकाले जनाएको छ । अन्नपूर्ण हिमालको आधार शिविर पुग्ने पदमार्ग र आधार शिविर क्षेत्रको पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्दै आएको गउँपालिकाले नारच्याङमा घरबास र पर्यटक पथ प्रदर्शक तालिम सञ्चालन गर्ने तयारी गरेको छ । एकीकृत गुरुयोजना निर्माण गर्न गाउँपालिकाले यस वर्ष रु १५ लाख बजेट विनियोजन गरेको थियो। आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण प्रथमको नर्थ आधार शिविर पुग्न नारच्याङ गाउँदेखि मौरिस हर्जोग पदमार्ग सञ्चालमा छ। सन् १९५० जुन ३ तारिकका दिन अन्नपूर्ण प्रथममा पहिलो मानव पाइला परेको थियो । फ्रान्सेली हिमाल आरोही मौरिस हर्जोग र लुइस लचेनलले अन्नपूर्ण प्रथम हिमालमा पहिलो आरोहण गरेर इतिहास रचेका थिए । हर्जोगले आरोहणका लागि आधार शिविर जान प्रयोग गरेको पदमार्गलाई पछ्याउँदै विसं २०६८ मा 'मौरिज हर्जोग पदमार्ग' को पहिचान गरिएको थियो । नारच्याङदेखि अन्नपूर्ण प्रथम हिमालको आधार शिविर पुग्नका लागि हुमखोलासम्मको २० किलोमिटर दूरीको बाटोमा सडकको पहुँच पुगेको छ।

हुमखोलादेखि आधार शिविरसम्मको १६ किलोमिटर दूरीमा आठ किलोमिटर व्यवस्थित पदमार्ग निर्माण भएको छ भने पाँच किलोमिटर पदमार्ग मर्मत र तीन किलोमिटर पदमार्ग नयाँ निर्माण गर्नुपर्ने छ । सडक र पदमार्गका पूर्वाधार बनेर यात्राअवधि छोटिएको भए पनि पर्यटकको सुविधाको लागि होटल, लज, खानेपानी, शौचालयलगायतको सुविधा नभएपछि गाउँपालिकाले एकीकृत गुरुयोजना बनाएर पूर्वाधार निर्माणमा जुटेको गाउँपालिका अध्यक्ष पुनको भनाइ छ।

# गुन्द्री बुन्ने चलन लोप हुँदै

मिला दरै
तनहुँ, २ चैत /रासस

पछिल्लो समय ग्रामीण क्षेत्रमा गुन्द्री बुन्ने चलन लोप हुने अवस्थामा छ । प्लाष्टिकका गुन्द्री बजारमा प्रशस्त पाइन थालेपछि पराल तथा गुदका गुन्द्री बुन्ने चलन लोप हुँदै गएको स्थानीय बताउँछन् । हाल आधुनिकतासँगै जनजीवन परिवर्तन भएर कुर्सीको प्रयोग गर्नेको सङ्ख्या बढ्न थालेपछि गुन्द्रीमा बस्ने व्यवहारमा पनि परिवर्तन आउन थालेको छ । सहरी क्षेत्रका साथै ग्रामीण क्षेत्रमा पनि अधिकांशले अहिले प्लाष्टिकका कुर्सीको उपयोग गर्दछन् ।

परालको गुन्द्रीसँगै सिमान्तकृत दरै (दराई) समुदायले प्राकृतिक तथा जैविक कच्चापदार्थको प्रयोग गरी गुदको गुन्द्री बुन्ने गर्दछन् । तनहुँको व्यास नगरपालिका-१ भादगाउँका ६८ वर्षीया मनसुलीमाया दरैले सानो उमेरदेखि गुदको गुन्द्री बुन्दै आएको बताउनुभयो । उहाँले भन्नुभयो, "साउन अन्तिमदेखि कात्तिकसम्म गुद सङ्कलनका लागि विभिन्न स्थानमा जानुपर्छ। पुस, माघमा हर्रोको लेदोले पोतेर सुकाइन्छ । प्राकृतिकरूपमा जङ्गलमा रहेका कच्चापदार्थ सङ्कलन गरी माघ, फागुन, चैतसम्म बुन्ने गरेका छौं ।" गुदको गुन्द्री बुन्ने निकै समय र मेहेनत लाग्ने मनसुलीमायाले जानकारी दिनुभयो। "राम्रो र बुट्टेदार देखिए पनि बुन्न भने लामो समय लाग्छ। मौलिक संस्कार र संस्कृति जोगाउनका लागि हामीले अझै गुदका गुन्द्री बुन्ने गरेका छौं", उहाँले भन्नुभयो । अतिथि सत्कार मात्रै नभई संस्कार र पहिचानका लागि पनि गुन्द्री बुन्ने गरिएको उहाँको भनाइ छ।

स्थानीय ६६ वर्षीया फूलमाया दरैले भन्नुभयो, "पहिले पहिले त बाबियाको डोरीले गुन्द्री बुनिन्थ्यो । अहिले फेरिँदै गएको छ। हामी अल्छी हुन थालेका छौं। अहिले सुतरीको डोरीमा नै गुदको गुन्द्री बुन्छौं ।" पहिले पहिले धेरै ठाउँमा पाइने गुद अहिले पाउन अलि कठिन हुन थालेको उहाँको अनुभव छ। फूलमायाले भन्नुभयो, "पहिले त चार/पाँच दिन लगाएर विभिन्न स्थानमा पुगेर खोला किनारमा पाइने गुद लिएर आउने गर्थ्यौं । ल्याएर घाममा सुकाएर पुस लागेपछि भने बुट्टेदार गुन्द्री बुन्नका लागि रङ्ग्याउने कार्य थालनी हुन्छ ।" साधाभन्दा बुट्टेदार बुन्ने प्रचलन बढी रहेको भन्दै यो आकर्षित पनि देखिने उहाँले बताउनुभयो । पहिले हिँडेर गुद ल्याउने गरिएको थियो भने अहिले सवारीसाधनमा जाने हुँदा एकै दिनमा ल्याउने गरिएको फूलमायाले बताउनुभयो । सुविधाको पनि उपयोग गरिरहेको भन्दै परालको भन्दा गुदको गुन्द्री बुन्न कठिन हुने उहाँको अनुभव छ । "परालको गुन्द्रीमा बिट सजिलो हुन्छ। गुदको गुन्द्रीमा बुट्टासँगै बिट मार्नै फरक तरिका हुने भएकाले अलि समय लाग्छ", उहाँले भन्नुभयो। परालको गुन्द्रीमा जस्तो बिटले गुदको गुन्द्री एकैछिनमा फुस्किने भएकाले पनि यो फरक तरिकाले बनाउनुपर्ने फूलमायाले बताउनुभयो। "यो फरक र कसिलो हुन्छ । जो कोहीलाई यो बिट मार्नै मुस्किल हुन्छ । अहिलेका बच्चा सिक्नै मान्दैनन्", उहाँले भन्नुभयो, "बस्न र चलाउन खोजे पनि कच्चापदार्थ खोज्न सहज छैन। अलि बुढा भइसकेका महिला सकिएपछि हाम्रो त गुदको गुन्द्री पनि हराउँछ होला।" हर्रोको बोक्रालाई पानीमा उमालेर बनाइएको लेदो गुदमा लगाइ घाममा सुकाइन्छ । सुकाइसकेपछि हिलो गाडेर कालो बनाउनु पर्दछ । दरै समुदायका महिलाले कालो र सेतो रङमा बुट्टा बनाएर गुन्द्री बुन्ने गर्दछन् । हिलो राम्रो नभएको स्थानमा गाड्दा कालो राम्रो नआउने उहाँहरूको भनाइ छ। हिलोमा गाडेर कालो भएपछि घर ल्याएर सुकाइ केही समय राखेर मात्रै बुन्न सकिन्छ । ४५ वर्षीया सुनिता दरैले भन्नुभयो, "मेरो छोरा २४ वर्ष लाग्यो । मैले छोरा नपाउँदै बुनेको गुदको गुन्द्री अझै राम्रै छ। गुदको गुन्द्री टिकाउ पनि हुन्छ।" साथीहरूसँग गुद खोज्न जाने गरिएको भन्दै हालसम्म परम्परा जोगिए पनि पुस्ता हस्तान्तरण नहुँदा लोप हुने अवस्थामा पुगेको उहाँले बताउनुभयो । ज्येष्ठ र अधबैंशे महिलामा यो आकर्षण भए पनि युवामा चासो नदेखिएको सुनिताको भनाइ छ। विगतमा पुरुष र महिला भएर जाने गरे पनि हाल महिला मात्रै गुद खोज्न जाने उहाँले बताउनुभयो। संस्कार र संस्कृतिसँग नै जोडिएकाले संरक्षण गर्नुपर्ने उहाँहरूको जोड छ। आधुनिक परिवेशसँगै फेरिँदै गएको नयाँ प्रविधिको गुन्द्री (म्याट)भन्दा बढी प्राकृतिक तथा जैविकरूपमा बुनिएका गुदका गुन्द्री उपयुक्त हुने भादगाउँ दरै समाजका कोषाध्यक्ष वीरबहादुर दरैले बताउनुभयो । "पहिले हामीलगायत पुरुषसमेत गुद खोज्न जाने गरेका थियौं। अहिले पुरुष गुद खोज्न जान छाडेका छन्", उहाँले भन्नुभयो, "हाम्रो समुदायको हरेक संस्कारमा आवश्यक मानिएको गुदको गुन्द्री बुन्ने प्रचलन लोप हुँदै छ । यसको संरक्षणमा सबै जुट्नुपर्ने देखिएको छ ।" जन्मदेखि मृत्यु संस्कारका लागि अन्य किसिमका गुन्द्री दरै समुदायले उपयोग गर्दैनन्। आफूसँग नभएको अवस्थामा खोजेर ल्याउने गरिन्छ। मृत्यु संस्कारबाट मुक्त हुनका लागि पनि गुदको गुन्द्रीमा बसेर कर्म गर्ने प्रचलन दरै समुदायमा रहेको भन्दै यसको संरक्षण गर्नुपर्नेमा कोषाध्यक्ष वीरबहादुरले जोड दिनुभयो । दरै उत्थान समाज नेपालका वरिष्ठ उपाध्यक्ष चीजबहादुर दरैले व्यास नगरपालिका, ऋषिङ र घिरिङ गाउँपालिकामा बसोबास गर्ने दरै समुदायका महिलाले गुद खोज्न टाढा पुग्नुपर्ने अवस्था रहेको बताउनुभयो। गुद खोला किनारमा पाइने भएकाले यसको कच्चापदार्थ संरक्षणमा तीनै तहका सरकारको सहयोग आवश्यक रहेको उहाँले बताउनुभयो। "खोला, नदी किनारमा पाइने भएकाले कच्चापदार्थ संरक्षण गर्नु पहिलो प्राथमिकता हो। पहिले दरै समुदायले मात्रै प्रयोग गर्ने गरिएको थियो", उपाध्यक्ष चीजबहादुर, "यसको उपयोगिता दीर्घकालीन हुनेहुँदा अन्य जातिले पनि सिक्ने प्रचलन बढ्दै गएको छ । जसले गर्दा अझ यसको कच्चापदार्थ पाउन मुस्किल बन्दै गएको छ ।" खोला, नदीनाला किनारमा पाइने कच्चा पदार्थलाई संरक्षण गर्दै गुदको गुन्द्री बुन्ने प्रचलनलाई प्रवर्द्धन गरी व्यावसायिक बनाउन आवश्यक रहेको उहाँको भनाइ छ।

बुट्टेदार राम्रा र बलिया गुदका गुन्द्री लामो ससम्म टिकाउ हुने भएकाले पनि बजारमा माग हुने गरेको स्थानीय महिला बताउँछन् । मेहनत र समय बढी लाग्ने भएकाले यसको मूल्य महँगो हुने दरै समुदायले जनाएको छ । गर्मी समयमा बिछ्याउँदा सितलता दिने विशेषता रहेको गुदको गुन्द्री ३० देखि ३५ वर्षसम्म टिक्छ । गाउँघरमा नै हुने जैविक कच्चापदार्थ उपयोग गरी बुनिने गुदको गुन्द्रीको प्रयोग मानवीय र वातावरणीय स्वास्थ्यका दृष्टिले लाभदायक छ । मौलिक संस्कृति तथा जैविक पदार्थको संरक्षण गरी दरै समुदायमा स्वरोजगार सिर्जना गर्न आवश्यक छ । गुदको गुन्द्री उत्पादनलाई आयआर्जनसँग जोड्नतर्फ सरोकारवालाको ध्यान जानुपर्ने स्थानीयको माग छ।


## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख मौजा-४, कास्कीबाट पोखरा जाँदा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।**

**नामः काली सार्की**

**विमा लेख नं.: १३००१५७२८**

**सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड काठमाडौं शाखा**

**फोनः ९७०६४५४६१९**

# डेङ्गु नियन्त्रणका लागि पूर्वतयारी

**पोखरापत्र संवाददाता**
दमौली, २ चैत

तनहुँको आँबुखैरेनी गाउँपालिकाले डेङ्गु नियन्त्रणका लागि पूर्वतयारी थालेको छ । गर्मी मौसम सुरु भएसँगै डेङ्गुको जोखिम बढ्ने भएकाले गाउँपालिकाले नियन्त्रणका लागि पूर्वतयारी थालेको हो ।

गत वर्ष गर्मी मौसममा तनहुँ डेङ्गुबाट आक्रान्त बनेको भन्दै सङ्क्रमितको सङ्ख्या करिब सात हजार पुगेको स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार डेङ्गुबाट जिल्लाभर चार जनाको मृत्यु भएको थियो । आँबुखैरेनी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख अगमराज उपाध्यायले पछिल्लो समय पालिकामा डेङ्गुको जोखिम बढिरहेकाले समयमै नियन्त्रण गर्न पूर्वतयारी थालिएको बताउनुभयो । उहाँका अनुसार गत गर्मीमा यहाँका एक सयभन्दा बढी सङ्क्रमित भएका थिए । "गत वर्षको गर्मीमा डेङ्गुबाट जनधनको क्षति भएको थियो । अब वर्षात् सुरु हुने समय भएकाले स्थानीयमा सजगता अपनाउनुपर्ने अवस्था छ", स्वास्थ्य शाखा प्रमुख उपाध्यायले भन्नुभयो, "लामखुट्टे नियन्त्रणका लागि प्रभावकारी काम सञ्चालनमार्फत नागरिकको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राखी यसको रोकथाम, नियन्त्रण र न्यूनीकरण गर्नुपर्छ ।" डेङ्गु नियन्त्रणका लागि गाउँपालिकाले छवटै वडा कार्यालय, आठ स्वास्थ्य संस्था तथा सरोकारवाला निकायलाई 'खोज र नष्ट गर अभियान' सञ्चालन गर्न परिपत्र गरिसकेको छ । उपाध्यायले भन्नुभयो, "सबै वडा कार्यालय, सङ्घसंस्था, स्वास्थ्य संस्था, सरोकारवाला निकाय र आम जनसमुदायलाई उक्त अभियान सञ्चालन गर्न अनुरोध गरेका छौँ ।" उहाँका अनुसार यसक्रममा लामखुट्टेको बासस्थान खोजी गरी फूल पार्ने ठाउँ र लार्भा नष्ट गरिनेछ । अभियानका क्रममा आआफ्नो घर वरपर सरसफाइ गरी पानी जम्न नदिने, खाडल पुर्ने, टिनका डब्बा, थोत्रा टायर, गमला, फूलदानी, बाल्टीमा पानी जम्न नदिनेलगायत लामखुट्टे नष्ट गर्ने विधिका बारेमा स्थानीयमा जनचेतना जगाउने काम थालिएको स्वास्थ्य शाखा प्रमुख उपाध्यायको भनाइ छ । बिहान र साँझपख डेङ्गुको लामखुट्टे बढी सक्रिय हुने भएकाले सकेसम्म घरबाहिर नजाने, जानैपरे शरीर पूरै छोपिने किसिमका लुगा लगाउने, खेतबारी तथा पशुपालनसम्बन्धी काम गर्दा विशेष सावधानी अपनाउन आग्रह गरिएको स्वास्थ्य शाखा कार्यालयले जनाएको छ । एक्कासी उच्च ज्वरो आउने, टाउको दुख्ने, शरीर दुख्ने, घाँटी दह्रो हुने, वाकवाकी लाग्ने, पखाला लाग्नेलगायत स्वास्थ्यमा समस्या देखिए तत्कालै स्वास्थ्य संस्थामा परीक्षणका लागि जान आग्रह गरिएको स्वास्थ्य शाखा प्रमुख उपाध्यायले बताउनुभयो । गत गर्मी महिनामा डेङ्गु समस्याका रूपमा देखा परेकाले यसको अहिल्यैदेखि नै नियन्त्रण आवश्यक रहेकाले अभियान सञ्चालन गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो । जिल्लास्थित स्वास्थ्य कार्यालयका प्रमुख अधिकारीले गत गर्मी महिनाको सङ्क्रमणको अवस्थालाई ध्यानमा राखेर सबै स्थानीय तहले पूर्वतयारी थाल्नुपर्ने बताउनुभयो । उहाँका अनुसार गत गर्मीमा जिल्लामा सबैभन्दा बढी व्यास नगरपालिकामा डेङ्गु सङ्क्रमित भएका थिए । कूल सङ्क्रमितको ८० प्रतिशत व्यास नगरपालिकामा रहेका उहाँको भनाइ छ ।

**डेङ्गुका लक्षण**

"एक्कासी तीनदेखि पाँच दिनसम्म ज्वरो आउनु यो रोगको मुख्य लक्षण हो । यसरी आएको ज्वरो पाँचदेखि सातदिनसम्म रहिरहन सक्दछ", जिल्लास्थित स्वास्थ्य कार्यालयका प्रमुख अधिकारीले भन्नुभयो, "यसका साथै बेस्सरी टाउको दुख्नु, आँखाको गेडी दुख्नु, शरीरमा डाबर आउनु, अरुची हुनु, जोर्नी तथा मांशपेशी दुख्नु, पेट तथा आन्द्रामा गडबडी हुनुलगायत डेङ्गुका लक्षण हुन् ।" पूरा शरीर ढाकिने गरी कपडा लगाउनु, लामखुट्टेको टोकाइबाट बच्न मल्हमजस्ता सामग्री प्रयोग गर्नु, सुत्ने बेला सधैँ झुलको प्रयोग गर्ने, घर वरपर खेतबारीमा काम गर्न जाँदा लामखुट्टेको टोकाइबाट बच्न ध्यान पुऱ्याउनु यसबाट बच्ने प्रमुख उपाय रहेका जिल्लास्थित स्वास्थ्य कार्यालयले जनाएको छ ।

# उखु, अमिलो र तोरी पेल्ने परम्परागत 'कोल' लोप हुँदै

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ चैत

म्याग्दीका ग्रामीण भेगबाट उखु, अमिलो र तोरी पेल्ने परम्परागत 'कोल लोप' हुँदै गएका छन् । प्रविधिको विकाससँगै परम्परागत प्रविधिमा आधारित उखु, अमिलो र तोरी पेल्ने परम्परागत कोल अहिले गाउँबाटै लोप हुँदै गएका हुन् ।

ग्रामीण क्षेत्रमा सडकको विस्तारसँगै यातायात, प्रविधि र सञ्चारको विस्तार हुँदै गएपछि नागरिक सुविधाभोगी हुनाका साथै परम्परागत प्रविधिको संरक्षणमा ध्यान नदिँदा यस्ता रैथाने प्रविधि लोप हुँदै गएका हुन् । विकाससँगै ग्रामीण क्षेत्रमा पनि यातायातको पहुँच बढ्दै जाँदा तेल पेल्न मिलको प्रयोग हुन थालेपछि परम्परागत कोल लोप हुन थालेका पाको पुस्ताका ज्येष्ठ नागरिकको भनाइ छ ।

बजारमा पाइने विभिन्न किसिमका 'प्याकिङ' गरिएका खाने तेल गाउँमा सहजै उपलब्ध हुनु र तेल पेल्न पनि मिलको प्रयोग हुन थालेपछि परम्परागत कोल प्रयोगविहीन बन्दै गएका मालिका गाउँपालिका-६ का ७४ वर्षीय टीकाजित पुनले बताउनुभयो । एकताका तेल र घीउमा आत्मनिर्भर मानिने म्याग्दीको पश्चिमी क्षेत्रमा अहिले तेलहन बालीको खेती गर्ने प्रचलनमा पनि कमी हुँदै गएको छ । "पहिला जिल्लामा प्रशस्त मात्रामा उखु, तोरी र अमिलोखेती गरिन्थ्यो, जङ्गलमा प्रशस्तै चिउरी फल्थ्यो, चिउरी पेलेर पनि तेल निकालिन्थ्यो", पुनले भन्नुभयो, "अहिले त मान्छेले तेलबाली पनि लगाउन छाडे, कोल हराइनै सके ।" उहाँका अनुसार हिउँदयामका दिन फुर्सदिला हुने भएकाले कोलमा प्रत्येक परिवारले उखु र तेल पेल्ने चलन थियो । आजभोलि कोल पनि हराइसकेको उहाँ बताउनुहुन्छ । "अलिअलि बेचेका कोल पनि प्रयोगविहीन छन्", मङ्गला गाउँपालिका-२ का ७९ वर्षीय भीमबहादुर सेनले बताउनुभयो । जलवायु परिवर्तनसँगै उब्जनी कम तथा बजारमा सजिलै किन्न मिल्ने गरेकाले उखु र अमिलो पेल्ने कोल हराउँदै गएका उहाँको बुझाइ छ । उहाँका अनुसार कोल प्रायः सामुदायिक हुन्थे । गाउँभरिको एउटै कोल हुने भएकाले हरेक परिवारले हिउँदयाममा पालैपालो तेल पेल्ने र कोलका खाँबा फेर्नु परेमा समुदायका सबै मानिस मिलेर ल्याउने गरिएको थियो । विगतमा जिल्लाभरि सयौँको सङ्ख्यामा रहेका यस्ता कोल अहिले अधिकांश लोप भइसकेका उहाँ बताउनुहुन्छ ।

दुर्गम गाउँमा रहेका एक/दुई कोल पनि विस्तारै प्रयोगविहीन छन् । कोल लोप भएसँगै जिल्लामा तेलहन बालीको खेती लगाउनेको सङ्ख्या पनि घट्दै गएको छ । कोलमा तेल पेल्नका लागि बढी जनशक्तिसँगै शारीरिक श्रम बढी लाग्ने र बजारमा सजिलै तेल किन्न पाइने भएपछि कोलसँगै तेलहन बालीको खेतीसमेत हराउँदै गएको र कोललाई नै प्रवर्द्धन गर्न वा तेल पेल्न आधुनिक प्रविधिमा आधारित उद्योग खोलिएकाले कोल लोप हुँदै गएका ज्येष्ठ नागरिकको भनाइ छ । धान कुट्ने ढिकी, ओखल, मकै पिस्ने जाँतो पनि यहाँबाट लोप हुँदै गएका बेनी नगरपालिका-४ का भक्तिराम पौडेलले बताउनुभयो । "ढिकी, जाँतोको ठाउँमा आधुनिक मेसिन गाउँगाउँमा भित्रन थालेपछि स्थानीय सामग्री लोप भएका हुन्", उहाँले भन्नुभयो, "पानीबाट चल्ने पानीघट्ट पनि विस्थापित भइसकेका छन् ।"

कोल मात्र होइन, कुटानी-पिसानीका अन्य घरेलु मेसिन समेत बिस्तारै लोप भएका छन् । ढिक्की, जाँतो, ओखल, सिलौटासमेत बिस्तारै लोप हुँदै गएको यहाँका स्थानीय बासिन्दाको भनाइ छ । ब्याट्री र विद्युत्बाट सञ्चालन हुने आधुनिक मेसिन भित्रिएपछि परम्परागत घरेलु मेसिन लोप हुँदै गएको स्थानीय डेकबहादुर सिउथानीले बताउनुभयो ।

जनजाति समुदायले प्रयोग गर्दै आएका घरेलु मेसिनलाई परिमार्जन गर्न नसक्दा लोप हुँदै गएको उहाँको भनाइ छ । पुर्खाले प्रयोग गर्दै आएका घरेलु मेसिन लोप हुँदा आधुनिक मेसिनको आयात बढेको सिउथानीले बताउनुभयो । केही वर्षपछि नेपालीले प्रयोग गर्ने घरेलु मेसिन पूर्णरूपमा लोप हुने र पूरै आयातीत मेसिनबाट गाउँ भरिने पुराना पुस्ताको चिन्ता छ ।

# रसियन राष्ट्रपति चुन्न पोखराबाट १३ जनाले गरे मतदान

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

रसियन राष्ट्रपति चुन्न पोखराबाटपनि मतदान भएको छ । रुसको आगामी ६ वर्षे कार्यकालका लागि नया राष्ट्रपति चुन्न शुक्रबारदेखि चुनाव शुरु भएको हो । रुसले विश्वभर रहेका रसियन नागरिकले मताधिकार प्रयोग गर्न पाउन् भन्ने उद्देश्यले विश्वका १४४ देशमा मतदान गर्ने व्यवस्था गरेको छ । जसमा १८८ मतदान केन्द्र निर्धारण गरिएको रसियन न्यूज एजेन्सी तासले उल्लेख गरेको छ ।

नेपालमा काठमाडौं र पोखरामा मतदान केन्द्र तोकिएको छ । जस अनुसार पोखरामा चैत २ गते शुक्रबार मतदान भएको छ भने काठमाडौंमा चैत ४ गते आइतबार मतदान हुने रसियन राजदुतावासले जनाएको छ । पोखरामा शुक्रबार होटल वाराहीको प्राङ्गणमा मतदान स्थल तोकिएको थियो । जहाँ ६ महिला र ७ पुरुष गरेर १३ जना रसियन नागरिकले मतदान गरेको नेपालस्थित रसियन राजदुतावासका अलेक्जेन्डर ईभासोभले जानकारी दिए । पोखराको मतदान केन्द्रमा विहान ९ बजे मतदान शुरु भएर मध्याह्न १२ बजेसम्म चलेको थियो । मतपेटिका शनिबार काठमाडौं पठाईने उनले बताए । उनका अनुसार आईतबार काठमाडौंस्थित दुतावासमै मतदान हुनेछ र त्यसपछि काठमाडौं र पोखरा दुबै ठाउँको मतपेटिका खोलेर मतगणना गरिनेछ । सो मत परिणाम रसिया पठाएर गणनामा समावेश गरिने उनले बताए ।


**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।**
**इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥**

## हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**वि. स. २००५/०४/०३ गते**

**स्वर्गारोहणः**
**वि. स. २०८०/११/२५ गते**

**स्वः ओम बहादुर कार्की**

यस **श्री गणेश तथा भद्रकाली मन्दिर धार्मिक क्षेत्र**को गुठी सम्पती दाता सत्य कुमारी/भक्त कुमारी थापा क्षेत्राणी परिवारका वरिष्ठ सदस्य सहित यस क्षेत्रकै वौद्धिक तथा सामाजिक व्यक्तित्व हाम्रा हितैषी हामी सबैका आदरणीय दाजु पोखरा महानगरपालिका वडा नं. १२ थापाथर निवासी **ओम बहादुर कार्की**को ७५ वर्षको उमेरमा स्वर्गारोहरण हुनु भएकोमा हामी सम्पूर्ण समिति परिवार अत्यन्तै दुःखी छौं । उहाँ लगायत उहाँका पूर्वजहरुबाट यस धार्मिक क्षेत्रको चौतर्फी विकाससँगै गुठी सम्पती संरक्षण अभियानमा पुऱ्याउनु भएको अतुलनिय योगदानको उच्च सम्मान र सम्झना गर्दै दिवंगत हुनु भएको आज ९ औं दिनको पुण्य तिथिमा हामी उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुखद् घडीमा उहाँका परिवारजन, भाइ, छोरा, दाजु, भाइ, इष्टमित्र, बन्धु बान्धव, सम्धी साथीभाइ सबै सबैमा धैर्यधारण गर्न सक्ने शक्ति दुर्गा भवानी श्री भद्रकाली माताले प्रदान गरुन् भनी प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**अन्त्यमा कालीमाताले हामी सबैको कल्याण गरुन् !**

**योगेन्द्रमान श्रेष्ठ**
**अध्यक्ष तथा**
**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार**
**कुँडहर, पोखरा-१२/१३**